Soaltee Hotel Limited

# ४६औं वार्षिक साधारण सभा

# सम्बन्धी

# संक्षिप्त वार्षिक प्रतिवेदन

(कम्पनी ऐन २०६३ को दफा ८४ बमोजिम तयार पारिएको)



## आर्थिक वर्ष २०७६/७७

## २०७७ पौष २९ गते

## (१३ जनवरी २०२१)

**ताहाचल, काठमाडौं, नेपाल ।**

Soaltee Hotel Limited

★ ★ ★ ★ ★

# सोल्टी होटेल लिमिटेडको ४६औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

श्री शेयरधनी महानुभाव,

मिति २०७७ पौष ०३ गते (१८ दिसम्बर २०२०) शुक्रबारका दिन बसेको यस सोल्टी होटल लिमिटेड (कम्पनी) को सञ्चालक समितिको २३१औं बैठकको निर्णय अनुसार यस कम्पनीको ४६औं वार्षिक साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा निम्नलिखित विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले उक्त साधारण सभामा स्वयम् वा रितपूर्वकको प्रतिनिधित्वद्वारा अभौतिक माध्यम अर्थात भर्चुअल भिडियो कन्फेरेन्स (Virtual video conference medium) माध्यमबाट उपस्थित हुनका लागि सबै शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. सभा हुने मिति, समय र स्थान:

मिति: २०७७ साल पौष २९ गते तद्नुसार १३ जनवरी २०२१, बुधबारका दिन ।

समय: बिहान ११.००बजे ।

स्थान: कम्पनीको रजिष्टर्ड कार्यालय, ताहाचल, काठमाडौं ।

विश्वव्यापी रुपमा फैलिएको महामारी कोरोनाभाइरस (कोभिड - १९) को प्रकोप नेपालमा यथावत कायमै रहेको विशेष र अप्रत्याशित परिस्थितिका कारण कम्पनीको ४६औं वार्षिक साधारण सभाको बैठक भर्चुअल भिडियो कन्फेरेन्स माध्यमबाट सञ्चालन गरिनेछ । सो बैठकमा शेयरधनीहरुको उपस्थित भर्चुअल भिडियो कन्फेरेन्स माध्यमबाट सुनिश्चित गरिने भएकोले भौतिक उपस्थितीमा नेपाल सरकार द्वारा जारी (कोभिड - १९) नियन्त्रण तथा रोकथाम सम्बन्धि जनस्वास्थ्यका अत्यावश्यक प्रोटोकल निर्देशन अनुपालनहरु कडाईका साथ पालना गर्दै शेयरधनी महानुभावहरुको साधारण सभामा सहभागीता भर्चुअल भिडियो कन्फेरेन्स अनलाइन माध्यमबाट उपस्थितिको लागि अनुरोध गरिएकोछ र सोहि अनुसार व्यावस्था गरिनेछ ।

२. छलफलका विषयहरु:

(क) सामान्य प्रस्ताव

१. आर्थिक वर्ष २०७६/०७७ (२०१९/२०) को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७६/०७७ (२०१९/२०) का वार्षिक आर्थिक विवरणहरु, (Financial Statements), २०७७ आषाढ मसान्तको वासलात (वित्तीय स्थितिको विवरण), सोही मितिमा समाप्त भएको नाफा-नोक्सान हिसाब (नाफा वा नोक्सान तथा अन्य विस्तृत आय विवरण), नगद प्रवाह विवरण (नगद प्रवाहको विवरण), तथा ईक्वीटीमा भएको परिवर्तनको विवरण र यस कम्पनी तथा कम्पनीको सहायक कम्पनीहरुको आर्थिक वर्ष २०७६/०७७ (२०१९/२०) को वित्तीय विवरणहरु समेत समावेश रहेको कम्पनीको एकिकृत आर्थिक विवरणहरु, (Consolidated Financial Statements) उपर छलफल गरी पारित गर्ने ।

३. कम्पनीको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०७७/७८ (२०२०/२१) को लागि कम्पनीको बैधानिक लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

(ख) विविध

४. विविध: अध्यक्षको अनुमति अनुसार ।

संचालक समितिको आज्ञाले

(लिल बहादुर खत्री)

कम्पनी सचिव

# ४६औं वार्षिक साधारण सभा सम्बन्धी जानकारी

१. विश्वव्यापी रुपमा फैलिएको महामारी कोरोनाभाइरस (कोभिड - १९) को प्रकोप नेपालमा यथावत कायमै रहेको विशेष र अप्रत्याशित परिस्थितिका कारण कम्पनीको ४६औं वार्षिक साधारण सभाको बैठक भर्चुअल भिडियो कन्फरेन्स माध्यमबाट सञ्चालन गरिनेछ । कम्पनीको ४६औं वार्षिक साधारण सभाको बैठकमा भर्चुअल भिडियो कन्फरेन्स माध्यमबाट सहभागिताको सुविधा शेयरधनिहरुको लागि जसले पहिला दर्ता गर्दछ वा पहिलो भर्चुअल सहभागी हुन जानकारी गराउछ उसले सेवा पाउछको आधारमा ( first come first served basis) भर्चुअल भिडियो कन्फरेन्स शेयरधनिहरुको आधिकारिक ईमेल आई डी मा Video conference लिंक (link) उपलब्ध गराइनेछ । साथै भिडियो कन्फरेन्सिंग (भर्चुअल) मार्फत ४६औं वार्षिक साधारण सभाको बैठकमा भाग लिने शेयरधनिहरूको भर्चुअल सहभागितालाई कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिमको गणपूरक संख्या गणनागर्दा उपस्थितिमा समावेश गरी गणना गरिनेछ ।

२. ४६औं वार्षिक साधारण सभाको प्रयोजनको लागि कम्पनीको शेयर दाखिल खारेज दर्ता किताब बुधबार, २०७७ पौष १५ गते (30th December 2020) देखि, बुधबार, २०७७ पौष २९ (13th January 2021) गते सम्म अर्थात ४६औं साधारण सभा सम्पन्न नभए सम्मका लागि बन्द रहनेछ । साथै, नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७७/०९/१४ गते सम्म नियमानुसार कारोवार भई यस कम्पनीको शेयर दाखिल खारेजका लागि प्राप्त हुन आएका शेयरधनी महानुभावहरुलाई यस साधारण सभाको प्रयोजनको लागि शेयरधनी कायम गरिनेछ ।

३. भर्चुअल भिडियो कन्फरेन्स माध्यमबाट सहभागि हुनु हुने शेयरधनी महानुभावहरुलाई ४६औं बार्षिक साधारण सभा स्थलमा उपस्थित भए सरह मान्यता दिइनेछ । भर्चुअल भिडियो कन्फरेन्स माध्यमबाट सहभागि हुनु हुने शेयरधनिहरुको हाजिर निजहरुले गरेको लगईन (Virtual Log-in ) को आधारमा गरिनेछ । शेयरधनीहरुलाई सहभागिताको लागि भर्चुअल भिडियो कन्फरेन्स शेयरधनिहरुको आधिकारिक ईमेल आईडीमा Video conference लिंक (link) कम्पनीको ईमेल legal@soaltee.com.np बाट पठाउने व्यवस्था गरिनेछ ।

४. ४६औं वार्षिक साधारण सभाको सूचना सहितको संक्षिप्त आर्थिक विवरण २०७६/७७ शेयरधनीमहानुभावहरुलाई शेयरधनी लगतमा कायम रहेको ईमेल ठेगानामा प्रेषित गरिने छ । **साधारण सभाको सूचना र वित्तीय विवरणहरु सहितको ४६औं वार्षिक प्रतिवेदन २०७६/७७ यस कम्पनीको वेबसाईट Website: http://www.soalteehotel.comमा हेर्न सकिने छ ।**

५. छलफलको विषय अन्तर्गत विविध शीर्षकको सम्बन्धमा शेयरधनीमहानुभावहरुले कुनै विषय उपर छलफल गर्न चाहनु भएमा सम्बन्धित विषय खुलाई वार्षिक साधारण सभा हुनुभन्दा ७ दिन अगावै अर्थात २०७७ पौष २२ (६ जनवरी २०२१) गते बुधबार सम्म कम्पनी सचिव मार्फत यस कम्पनीका कार्यकारी अध्यक्षलाई लिखित जानकारी दिनु पर्नेछ । तर, यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

६. शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सो प्रतिनिधि नियुक्त पत्र, सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको रजिष्ट्रर्ड कार्यालय, ताहाचलमा दर्ता गरी सक्नु पर्नेछ ।

७. शेयरधनीहरुलाई कम्पनीको ४६औं बार्षिक साधारण सभा सम्बन्धी थप अन्य जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको प्रधान कार्यालय सोल्टी होटेल परिसर, ताहाचल, काठमाडौंमा सोमबार देखि शुक्रबार सम्म बिहान १० बजे देखी अपरान्ह ४ बजे सम्म (दिउसो १ देखी २ बजे बाहेक) सम्पर्क राख्न सक्नु हुनेछ ।

८. कम्पनीको शेयर रजिष्ट्रार एनआई बि एल एस क्यापिटल लि. रहेको समेत जानकारी गराउदछौं ।

**भिडियो कन्फरेन्सिङ भर्चुवल (जुम ) प्रविधिको प्रयोगको माध्यमबाट कम्पनीको ४६औं वार्षिक साधारण सभाको बैठकमा भर्चुवल उपस्थित भई भाग लिनको लागि शेयरधनी महानुभावहरुले अपनाउनु पर्ने विशेष बिधिहरुको सम्बन्धमा जानकारी सम्बन्धि सूचना** :-

१. सहभागीहुने शेयरधनीलाई जुम प्रविधि (ZOOM Applications) को प्रयोग मार्फत भिडियो कन्फरेन्सिङ (भर्चुवल) माध्यमबाट कम्पनीको रजिष्टर्ड कार्यालय, सोल्टी होटेल परिसर, ताहाचल, काठमाडौंमा हुने ४६औं वार्षिक साधारण सभाको बैठकमा उपस्थित हुनका लागि बैठकमा भागलिने सबै शेयरधनिमहानुभावहरूले अग्रीमरुपमा पहिलानै कम्तीमा एक दिन अगाडी शेयरधनिहरूको कम्पनीमा उपलब्ध / शेयरधनी दर्ता किताबमा रहेको / प्राप्त हुन आएको सम्बन्धित आधिकारिक ईमेल आईडीमा कम्पनीबाट प्रदान गरिएको लिंक मार्फत अग्रिम नाम रजिष्ट्रेसन गरी कन्फर्मेशन लिनु पर्नेछ । रजिष्ट्रेसन भएपछि सहभागी हुने शेयरधनिहरूले कम्पनीको सिस्टम सर्पोटबाट एक कन्फर्मेशन (पुष्टिकरण) ईमेल प्राप्त गर्नुहुनेछ जसमा बैठकमा सामेल हुने सम्बन्धि जानकारी सहित बैठकमा भर्चुवल उपस्थित हुने लिंक समावेश हुनेछ ।

२. बैठकमा भर्चुवल उपस्थित भई आफ्नो मन्तब्य राख्न चाहनुहुने शेयरधनीमहानुभावहरुले कम्तीमा **दुई दिन अगावै** कम्पनी सचिव वा कम्पनीको आधिकारिक ईमेल आईडी legal@soaltee.com.np माध्यमबाट सम्पर्क गरी आफ्नो नाम टिपाउदा शेयरधनीको नाम, शेयरधनी संकेत नम्बर वा डिम्याटको BOID नम्बर, धारणगरेको शेयर संख्या, शेयरधनीको ईमेल, मोबाइल नम्बर कम्पनीलाई उपलब्ध गराउनु हुन अनुरोध छ ।

३. ४६औं वार्षिक साधारण सभाको बैठकमा भर्चुवल सहभागीता प्रविधिको सीमितता, समयको पावन्दी, उपलब्धतामा र इन्टरनेटको निरन्तरता र रोकावटमा निर्भर हुँने हँदा निर्धारित समय भित्रै मन्तब्य राख्न समेत शेयरधनीमहानुभाव समक्ष अनुरोध छ । भर्चुवल माध्यमबाट सहभागी शेयरधनीको पक्षबाट कुनै प्राविधिक गडबडी वा पृष्ठभूमिमा अनावश्यक हो-हल्ला वा बाधा उत्पन्न भएमा वा असामान्य गतिविधि भएमा लिंक स्वतः अवरुद्ध (डिस्कनेक्ट) हुनेछ ।

४. ४६औं वार्षिक साधारण सभाको बैठकको भर्चुवल सहभागीता प्राविधिक रुपमा राम्रो अनुभवका लागि शेयरधनीमहानुभाव ल्यापटप मार्फत बैठकमा सहभागी हुन प्रोत्साहित गर्दछौं ।

५. मोबाइल उपकरण वा ट्याब्लेटबाट वा ल्यापटप मार्फत जडान हुने मोबाइल हटस्पट मार्फत सहभागी हुने शेयरधनीमहानुभावहरूले आफ्नो नेटवर्कमा अस्थिरताका कारण अडियो र भिडियो प्रस्तुतिमा श्रब्य दृश्यको गुणस्तर विग्रन सक्ने हुँदा स्थिर वाइफाइ र LAN Connection (ल्यान जडान) प्रयोग गर्न सिफारिस गरिन्छ ।

## REPORT OF THE INDEPENDENT AUDITOR ON THE SUMMARY CONSOLIDATED AND STANDALONE FINANCIAL STATEMENTS

THE SHAREHOLDERS OF SOALTEE HOTEL LIMITED

### *Opinion*

The accompanying summary consolidated and standalone financial statements, which comprise the summary statements of financial position as at 31 Ashad 2077 (15 July 2020), summary statements of profit or loss and other comprehensive income, and summary statements of cash flows, are derived from the consolidated and standalone audited financial statements of Soaltee Hotel Limited for the year ended on 31 Ashad 2077 (15 July 2020).

In our opinion, the accompanying summary consolidated and standalone financial statements are consistent, in all material respects, with the audited financial statements, in accordance with Nepal Financial Reporting Standards.

### *Summary Financial Statements*

The summary consolidated and standalone financial statements do not contain all the disclosures required by the Nepal Financial Reporting Standards applied in the preparation of the audited consolidated and standalone financial statements of Soaltee Hotel Limited. Reading the summary financial statements and the auditor's report thereon, therefore, is not a substitute for reading the audited consolidated and standalone financial statements and auditor's report thereon.

### *The Audited Consolidated and Standalone Financial Statements and Our Report Thereon*

We expressed an unmodified audit opinion on the audited consolidated and standalone financial statements in our report dated 3 Poush 2077 (18 December 2020). That report also includes:

- *Emphasis of matter* section that draws attention to Note 2.1.3 (e) and Note 4.21 to the financial statements, which describes the possible effect of uncertainties relating to COVID-19 pandemic on the Soaltee Hotel Limited's financial performance as assessed by the Management.
- The communication of Key Audit Matters. Key Audit Matters are those matters that in, our professional judgment, were of most significance in our audit of the financial statements of the current period. We have considered *a) Revenue recognition and b) Property, Plant & Equipment and Investment Property* as Key Audit Matters in our report.

### *Management's Responsibility for the Summary Financial Statements*

Management is responsible for the preparation of summary of the audited consolidated and standalone financial statements in accordance with Nepal Financial Reporting Standards.

### *Auditor's Responsibility*

Our responsibility is to express an opinion on whether the summary consolidated and standalone financial statements are consistent, in all material respects, with the audited consolidated and standalone financial statements based on our procedures, which were conducted in accordance with Nepal Standards on Auditing (NSA) 810 Engagements to Report on Summary Financial Statements.

T.R. UPADHYA & CO. Chartered Accountants

Shashi Satyal
*Partner*

PKF T R Upadhya & Co.
Chartered Accountants
Kathmandu, Nepal

Date: 3 Poush 2077 (18 December 2020)

UDIN No: 201222CA00008OMtqB

124, Lal Colony Marg, Lal Durbar, Kathmandu, Nepal
Tel: +977 01 4410927, +977 01 4420026, Fax:+ 977 01 4413307 **pkf.trunco.com.np**

PKF T.R. Upadhya & Co. is a member firm of the PKF International Limited family of legally independent firms and does not accept any responsibility or liability for the actions or inactions of any individual member or correspondent firm or firms.

Soaltee Hotel Limited

(कम्पनी ऐन २०६३ को दफा ८४ बमोजिम तयार पारिएको संक्षिप्त वार्षिक आर्थिक विवरणहरु र सञ्चालकको प्रतिवेदन)

# सोल्टी होटल लिमिटेड

## आर्थिक वर्ष २०७६/७७ को संक्षिप्त वार्षिक आर्थिक विवरण

**श्री शेयरधनी महानुभाव,**

यस सोल्टी होटल लिमिटेड (कम्पनी) को समिक्षा आर्थिक वर्ष २०७६/७७ (२०१९/२०) को **नेपाल वित्तीय प्रतिवेदन मान (Nepal Financial Reporting Standards– NFRS)** बमोजिम तयार गरी **लेखापरिक्षण गरिएका संक्षिप्त वार्षिक आर्थिक विवरणहरु** देहाय बमोजिम छन्:–

### २०७७ आषाढ मसान्तको वित्तीय स्थितिको विवरण (वासलात)
### ३१ आषाढ २०७७ (१५ जुलाई २०२०) सम्मको

रुपैयाँ

| विवरण | टिप्पणी | ३१.०३.२०७७ (१५.०७.२०२०) | ३१.०३.२०७६ (१६.०७.२०१९) |
|---|---|---|---|
| **सम्पत्ति** | | | |
| **गैर चालु सम्पत्ति** | | | |
| सम्पत्ति, मेशिनरी र उपकरण | ३.१ | १,४३३,९६४,६३७ | १,२८८,६५२,६३३ |
| अमूर्त सम्पत्ति | ३.२ | २,०३४,७३९ | ९२७,३१९ |
| लगानी योग्य सम्पत्ति | ३.३ | ९३,१३४,८६४ | ९५,११३,९८७ |
| स्थगन कर सम्पत्ति | ३.४ | ५०,७१०,४५४ | ६२,६८८,३८२ |
| लगानी | ३.५ | २८३,८९९,१८० | २८३,८९८,९८० |
| व्यापार तथा अन्य प्राप्य | ३.६ | ५८,३१९,१३५ | ४३,६२४,१०४ |
| **कुल गैर चालु सम्पत्ति** | | **१,९२२,०६३,००९** | **१,७७४,९०५,४०५** |
| **चालु सम्पत्ति** | | | |
| जिन्सी मौज्दात | ३.७ | ६८,७५२,२४६ | ९७,३९५,७७० |
| आयकर प्राप्य | ३.१३ | २०,७१०,८२० | ८,७८०,३५६ |
| लगानी | ३.५ | ८०,०००,००० | ९०,०००,००० |
| व्यापार तथा अन्य प्राप्य | ३.६ | २०२,८६७,०८० | २८७,११८,१७८ |
| अग्रिम भुक्तानी | | ९,२२०,४९१ | २०,१०२,६५१ |
| नगद र नगद सरह | ३.८ | २०९,९१५,९९७ | १९५,१५३,८२३ |
| **कुल चालु सम्पत्ति** | | **५९१,४६६,६३४** | **६९८,५५०,७७८** |
| **कुल सम्पत्ति** | | **२,५१३,५२९,६४३** | **२,४७३,४५६,१८३** |
| **पूँजी तथा दायित्व** | | | |
| **पूँजी तथा जगेडा र मुनाफा** | | | |
| शेयर पूँजी | ३.९ | ८४२,५७९,७३० | ७३२,६७५,३७० |
| संचित मुनाफा तथा जगेडा | ३.१० | ८१४,६०१,५१० | ८९५,३७४,३८० |
| **कुल पूँजी** | | **१,६५७,१८१,२४०** | **१,६२८,०४९,७५०** |
| **दायित्व** | | | |
| **गैर चालु दायित्व** | | | |
| ऋण तथा सापटी | ३.११ | २,६०१,०२४ | ३,७४६,३७१ |
| कर्मचारी सुविधाहरु | ३.१२ | ३७२,७३५,०८३ | ३७६,१६८,२३१ |
| व्यापार तथा अन्य देय | ३.१४ | ३७,५९९,११२ | २२,८६७,५७४ |
| **कुल गैर चालु दायित्व** | | **४१२,९३५,२१९** | **४०२,७८२,१७६** |
| **चालु दायित्व** | | | |
| ऋण तथा सापटी | ३.११ | १,२२३,३५६ | १,१६१,९०८ |
| कर्मचारी सुविधाहरु | ३.१२ | ३५,६०४,९३५ | ५६,९४२,०१६ |
| व्यापार तथा अन्य देय | ३.१४ | ४०६,५८४,८९३ | ३८४,५२०,३३३ |
| **कुल चालु दायित्व** | | **४४३,४१३,१८४** | **४४२,६२४,२५७** |
| **कुल दायित्व** | | **८५६,३४८,४०३** | **८४५,४०६,४३३** |
| **कुल पूँजी तथा दायित्व** | | **२,५१३,५२९,६४३** | **२,४७३,४५६,१८३** |

कम्पनी सचिव | उपाध्यक्ष | संचालक | कार्यकारी अध्यक्ष

लेखापरिक्षक
पीकेएफ टि आर उपाध्या एण्ड कं
चार्टर्ड एकाउण्टेण्टस्

Soaltee Hotel Limited

## सोल्टी होटल लिमिटेड

### २०७७ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०७६/७७ (२०१९/२०) को नाफा वा नोक्सान विवरण तथा अन्य कम्प्रीहेन्सीब आय (नाफा नोक्सान हिसाब)
### (३१ आषाढ २०७७ (१५ जुलाई २०२०) मा समाप्त भएको आर्थिक वर्ष)

रुपैयाँ

| विवरण | टिप्पणी | २०७६-७७ (२०१९-२०) | २०७५-७६ (२०१८-१९) |
|---|---|---|---|
| संचालनबाट आम्दानी | ३.१५ | १,१५१,९४२,८४७ | १,७३४,१५७,०४० |
| अन्य आम्दानी | ३.१६ | ११२,०६६,०२० | १००,१७१,५०९ |
| कुल आय | | **१,२६४,००८,८६७** | **१,८३४,३२८,५४९** |
| खाद्यतथा पेय पदार्थको खपत | ३.१७ | २०६,२३९,६४४ | ३०१,५४६,७७५ |
| कर्मचारी सुविधा खर्चहरु | ३.१८ | ४४३,५०५,४०२ | ५५१,००६,८४३ |
| व्यवस्थापन शुल्क | | २८,५२५,६११ | ४९,८९७,४२० |
| संचालन आपूर्ती खर्च | ३.१९ | १८७,१४१,१८८ | २४६,०५९,७८५ |
| ह्रास तथा परिशोधन खर्च | ३.१/३.२/३.३ | ९१,९५३,०३७ | ८०,३६७,२०८ |
| अन्य खर्च | ३.२० | १६६,१४२,६५९ | २२०,८०७,०२८ |
| कुल खर्च | | **१,१२३,५०७,५४१** | **१,४४९,६८५,०५९** |
| संचालनबाट मुनाफा | | **१४०,५०१,३२६** | **३८४,६४३,४९०** |
| वित्त लागत | | ५७८,४५८ | ७३०,३५० |
| कर अधिको मुनाफा | | **१३९,९२२,८६८** | **३८३,९१३,१४०** |
| आयकर | | **२७,८८०,७२१** | **८४,९०२,१८२** |
| चालु आयकर | | १५,९०२,७९३ | ७८,००२,९३७ |
| स्थगन कर खर्च/(आम्दानी) | ३.४ | ११,९७७,९२८ | ६,८९९,२४५ |
| निरन्तर संचालनबाट भएको मुनाफा | | **११२,०४२,१४७** | **२९९,०१०,९५८** |
| संचालन नभएको व्यवसायबाट भएको नाफा/(नोक्सान) (कर पश्चात) | | - | - |
| वर्षको खुद मुनाफा | | **११२,०४२,१४७** | **२९९,०१०,९५८** |
| अन्य कम्प्रीहेन्सीब आय | | | |
| शेयर पूँजीको Fair Value मा भएको परिवर्तन | | २०० | (४७८,३४३) |
| कुल कम्प्रीहेन्सीब आय | | **११२,०४२,३४७** | **२९८,५३२,६१५** |

| | | | |
|---|---|---|---|
| आधारभुत (Basic) प्रति शेयर आम्दानी रु. | ३.२१ | १.३३ | ३.५५ |
| विलुप्त (Diluted) प्रति शेयर आम्दानी रु. | | १.३३ | ३.५५ |

कम्पनी सचिव    उपाध्यक्ष    संचालकहरु    कार्यकारी अध्यक्ष

लेखापरिक्षक
पीकेएफ टि आर उपाध्या एण्ड कं.
चाटर्ड एकाउण्टेण्टस्

Soaltee Hotel Limited

## २०७७ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०७६/७७ (२०१९/२०) को नगद प्रवाह विवरण

(३१ आषाढ २०७७ (१५ जुलाई २०२०) मा समाप्त भएको आर्थिक वर्ष)

रुपैयाँ

| विवरण | २०७६-७७ (२०१९-२०) | २०७५-७६ (२०१८-१९) |
|---|---|---|
| संचालन गतिविधिबाट नगद प्रवाह | | |
| वर्षको कर अघिको मुनाफा | १३९,९२२,८६८ | ३८३,९१३,१४० |
| समायोजनहरु | | |
| लाभांश आम्दानी | - | (५००,०००) |
| सम्पत्ति, मेशिनरी र उपकरण निसर्गबाट (नाफा)/नोक्सान | (५८४,२०१) | (२,०९५,०४६) |
| अवधिक तथा कल बचतमा ब्याज आम्दानी | (१९,०२९,७६०) | (९,२१९,१५३) |
| कर्मचारी ऋणको परिशोधन लागतमा ब्याज आम्दानी | (२,१५०,५९८) | (१,५६६,५४४) |
| स्थगन कर्मचारी सुविधा खर्चको परिशोधन गरिएको | २,१५०,५९८ | ४,७३५,९३५ |
| व्यापार प्राप्यको लागि नोक्सानी व्यवस्था | ५,०००,००० | ५,०००,००० |
| बोनस व्यवस्था | १३,९९२,२८७ | ३८,३९१,३१४ |
| सम्पत्ति, मेशिनरी, उपकरण, लगानी योग्य सम्पत्ति र अमूर्त सम्पत्तिको ह्रास तथा परिशोधन | ९१,९५३,०३७ | ८०,३६७,२०८ |
| वित्त लागत | ५७८,४५८ | ७३०,३५० |
| **कार्यशील पूँजी परिवर्तन अघिको संचालन मुनाफा** | **२३१,८३२,६८९** | **४९९,७५७,२०४** |
| व्यापार तथा अन्य प्राप्यमा भएको (वृद्धि)/कमी | ६४,५५६,०६७ | (३,८२१,३५०) |
| जिन्सी मौज्दातमा भएको (वृद्धि)/कमी | २८,६४३,५२४ | (८,८०९,८३३) |
| अग्रिम भुक्तानीमा भएको (वृद्धि)/कमी | १०,८८२,१६० | (२,१२६,६८२) |
| व्यापार तथा अन्य देयमा भएका वृद्धि/(कमी) | २५,०७९,४३२ | ३८,२२३,०४० |
| कर्मचारी सुविधामा भएको वृद्धि/(कमी) | (३७१,२०२) | २४,३७४,३४५ |
| **संचालन गतिविधिबाट नगद प्रवाह** | **३६०,६२२,६७०** | **५४७,५९६,७२४** |
| बोनस भुक्तानी | (३८,३९१,३१४) | (३६,२०९,९६९) |
| आयकर भुक्तानी | (२७,८३३,२५७) | (९६,९८६,५२०) |
| **संचालन गतिविधिबाट खुद नगद प्रवाह (क)** | **२९४,३९८,०९९** | **४१४,४००,२३५** |
| लगानी गतिविधिको नगद प्रवाह | | |
| सम्पत्ति, मेशिनरी र उपकरणको विक्रीबाट प्राप्त | १,०६९,२५३ | ५,९५१,७६५ |
| सम्पत्ति, मेशिनरी र उपकरण, लगानी योग्य सम्पत्ति र अमूर्त सम्पत्तिको खरिद | (२३६,८७८,३९०) | (२७६,५१४,०१९) |
| लगानीमा (वृद्धि)/कमी | १०,०००,००० | (२०,०००,०००) |
| लाभांश आम्दानी | - | ५००,००० |
| अवधिक तथा कल बचतमा ब्याज आम्दानी | १९,०२९,७६० | ९,२१९,१५३ |
| **लगानी गतिविधिबाट भएको खुद नगद प्रवाह (ख)** | **(२०६,७७९,३७७)** | **(२८०,८४३,१०१)** |
| वित्तीय गतिविधिको नगद प्रवाह | | |
| वित्त लागत | (५७८,४५८) | (७३०,३५०) |
| ऋण तथा सापटीको भुक्तानी | (१,०८३,८९९) | (९३२,००८) |
| बोनस शेयरको खण्डित मूल्य नगद (भुक्तानी)/प्राप्ती | (२,८५५) | ५,२६५ |
| खुद लाभांश भुक्तानी | (७१,१९१,३३६) | (१०६,१२९,३६८) |
| **वित्तिय गतिविधिबाट भएको खुद नगद प्रवाह (ग)** | **(७२,८५६,५४८)** | **(१०७,७८६,४५८)** |
| **नगद र नगद सरहमा खुद वृद्धि (क+ख+ग)** | **१४,७६२,१७४** | **२५,७७०,६७६** |
| वर्षारम्भमा नगद र नगद सरह | १९५,१५३,८२३ | १६९,३८३,१४७ |
| **वर्षान्तमा नगद र नगद सरह** | **२०९,९१५,९९७** | **१९५,१५३,८२३** |

कम्पनी सचिव | उपाध्यक्ष | संचालक | कार्यकारी अध्यक्ष

लेखापरिक्षक
पीकेएफ टि आर उपाध्या एण्ड कं.
चाटर्ड एकाउण्टेण्टस्

# आर्थिक वर्ष २०७६/७७ को संक्षिप्त वार्षिक एकिकृत आर्थिक विवरण

## २०७७ आषाढ मसान्तको एकिकृत (Consolidated) वित्तीय स्थितिको विवरण (वासलात)

### ३१ आषाढ २०७७ (१५ जुलाई २०२०) सम्मको

रुपैयाँ

| विवरण | टिप्पणी | ३१.०३.२०७७ (१५.०७.२०२०) | ३१.०३.२०७६ (१६.०७.२०१९) |
|---|---|---|---|
| सम्पत्ति | | | |
| गैर चालु सम्पत्ति : | | | |
| सम्पत्ति, मेशिनरी र उपकरण | ३.१ | १,४३३,९६४,६३७ | १,२८८,६५२,६३३ |
| अमूर्त सम्पत्ति | ३.२ | २,०३४,७३९ | ९२७,३१९ |
| लगानी योग्य सम्पत्ति | ३.३ | ९३,१३४,८६४ | ९५,११३,९८७ |
| स्थगन कर सम्पत्ति | ३.४ | ५०,७१०,४५४ | ६२,६८८,३८२ |
| लगानी | ३.५ | २७३,१४९,१८० | २७३,१४८,९८० |
| व्यापार तथा अन्य प्राप्य | ३.६ | ५८,३१९,१३५ | ४३,६२४,१०४ |
| **कुल गैर चालु सम्पत्ति** | | **१,९११,३१३,००९** | **१,७६४,१५५,४०५** |
| चालु सम्पत्ति : | | | |
| जिन्सी मौज्दात | ३.७ | ६८,७५२,२४६ | ९७,३९५,७७० |
| आयकर प्राप्य | ३.१४ | २०,७८४,६८० | ८,९६७,६७२ |
| लगानी | ३.५ | ९०,०००,००० | १००,०००,००० |
| व्यापार तथा अन्य प्राप्य | ३.६ | २०३,३३१,७३६ | २८७,४९५,४६५ |
| अग्रिम भुक्तानी | | ९,२२०,४९१ | २०,१०२,६५१ |
| नगद र नगद सरह | ३.८ | २३०,०७०,२२८ | २१३,४७६,०५६ |
| **कुल चालु सम्पत्ति** | | **६२२,१५९,३८१** | **७२७,४३७,६१४** |
| **कुल सम्पत्ति** | | **२,५३३,४७२,३९०** | **२,४९१,५९३,०१९** |
| पूँजी तथा दायित्व | | | |
| पूँजी तथा जगेडा र मुनाफा | | | |
| शेयर पूँजी | ३.९ | ८४२,५७९,७३० | ७३२,६७५,३७० |
| संचित मुनाफा तथा जगेडा | ३.१० | ८२६,४८७,३८९ | ९०५,७३९,५०९ |
| **नियन्त्रकको कुल पूँजी** | | **१,६६९,०६७,११९** | **१,६३८,४१४,८७९** |
| नियन्त्रण नहुने स्वार्थ | ३.११ | ७,८७२,१२२ | ७,४८१,१३२ |
| **कुल पूँजी** | | **१,६७६,९३९,२४१** | **१,६४५,८९६,०११** |
| दायित्व | | | |
| गैर चालु दायित्व : | | | |
| ऋण तथा सापटी | ३.१२ | २,६०१,०२४ | ३,७४६,३७१ |
| कर्मचारी सुविधाहरु | ३.१३ | ३७२,७३५,०८३ | ३७६,१६८,२३१ |
| व्यापार तथा अन्य देय | ३.१५ | ३७,५९९,११२ | २२,८६७,५७४ |
| **कुल गैर चालु दायित्व** | | **४१२,९३५,२१९** | **४०२,७८२,१७६** |
| चालु दायित्व : | | | |
| ऋण तथा सापटी | ३.१२ | १,२२३,३५६ | १,१६१,९०८ |
| कर्मचारी सुविधाहरु | ३.१३ | ३५,६०४,९३५ | ५६,९४२,०१६ |
| व्यापार तथा अन्य देय | ३.१५ | ४०६,७६९,६३९ | ३८४,८१०,९०८ |
| **कुल चालु दायित्व** | | **४४३,५९७,९३०** | **४४२,९१४,८३२** |
| **कुल दायित्व** | | **८५६,५३३,१४९** | **८४५,६९७,००८** |
| **कुल पूँजी तथा दायित्व** | | **२,५३३,४७२,३९०** | **२,४९१,५९३,०१९** |

कम्पनी सचिव | उपाध्यक्ष | संचालक | कार्यकारी अध्यक्ष

लेखापरिक्षक
पीकेएफ टि आर उपाध्या एण्ड कं.
चाटर्ड एकाउण्टेण्टस्

Soaltee Hotel Limited

★ ★ ★ ★ ★

## २०७७ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०७६/७७ (२०१९/२०) को एकिकृत (Consolidated) नाफा वा नोक्सान विवरण तथा अन्य कम्प्रीहेन्सीब आय (नाफा नोक्सान हिसाब)

(३१ आषाढ २०७७ (१५ जुलाई २०२०) मा समाप्त भएको आर्थिक वर्ष)

रुपैंयाँ

| विवरण | टिप्पणी | २०७६-७७ (२०१९-२०) | २०७५-७६ (२०१८-१९) |
|---|---|---|---|
| संचालनबाट आम्दानी | ३.१६ | १,१५१,९४२,८४७ | १,७३४,१५७,०४० |
| अन्य आम्दानी | ३.१७ | ११४,६१३,३०१ | १०२,६८२,८६५ |
| कुल आय | | **१,२६६,५५६,१४८** | **१,८३६,८३९,९०५** |
| खाद्य तथा पेय पदार्थको खपत | ३.१८ | २०६,२३९,६४४ | ३०१,५४६,७७५ |
| कर्मचारी सुविधा खर्चहरु | ३.१९ | ४४३,५०५,४०२ | ५५१,००६,८४३ |
| व्यवस्थापन शुल्क | | २८,५२५,६११ | ४९,८९७,४२० |
| संचालन खर्च | ३.२० | १८७,१४१,१८८ | २४६,०५९,७८५ |
| ह्रास तथा परिशोधन खर्च | ३.१/३.२/३.३ | ९१,९५३,०३७ | ८०,३६७,२०८ |
| अन्य खर्च | ३.२१ | १६६,२६२,६५१ | २२१,१६६,४१८ |
| कुल खर्च | | **१,१२३,६२७,५३३** | **१,४५०,०४४,४४९** |
| संचालनबाट मुनाफा | | **१४२,९२८,६१५** | **३८६,७९५,४५६** |
| वित्त लागत | | ५७८,४५८ | ७३०,३५० |
| कर अघिको मुनाफा | | **१४२,३५०,१५७** | **३८६,०६५,१०६** |
| आयकर | | **२८,३९६,२७०** | **८५,४०९,८४२** |
| चालु आयकर | | १६,४१८,३४२ | ७८,५१०,५९७ |
| स्थगन कर खर्च/(आम्दानी) | ३.४ | ११,९७७,९२८ | ६,८९९,२४५ |
| निरन्तर संचालनबाट भएको मुनाफा | | **११३,९५३,८८७** | **३००,६५५,२६४** |
| वर्षको खुद मुनाफा | | **११३,९५३,८८७** | **३००,६५५,२६४** |
| अन्य कम्प्रीहेन्सीब आय | | | |
| शेयर पूँजीको Fair Value मा भएको परिवर्तन | | २०० | (४७८,३४३) |
| कुल कम्प्रीहेन्सीब आय | | **११३,९५४,०८७** | **३००,१७६,९२१** |

खुद मुनाफाको हिस्सा :

| | | | |
|---|---|---|---|
| नियन्त्रकको | | ११३,५६२,८९७ | ३००,२५६,२५७ |
| नियन्त्रण नहुने स्वार्थ | | ३९०,९९० | ३९९,००७ |

अन्य कम्प्रीहेन्सीब आयको हिस्सा :

| | | | |
|---|---|---|---|
| नियन्त्रकको | | २०० | (४७८,३४३) |
| नियन्त्रण नहुने स्वार्थ | | - | - |

| | | | |
|---|---|---|---|
| आधारभुत (Basic) प्रति शेयर आम्दानी रु. | ३.२२ | १.३५ | ३.५७ |
| विलुप्त (Diluted) प्रति शेयर आम्दानी रु. | | १.३५ | ३.५७ |

कम्पनी सचिव    उपाध्यक्ष    संचालक    कार्यकारी अध्यक्ष

लेखापरिक्षक
पीकेएफ टि आर उपाध्या एण्ड कं.
चाटर्ड एकाउण्टेण्टस्

## २०७७ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०७६/७७ (२०१९/२०) को
## एकिकृत (Consolidated) नगद प्रवाह विवरण
### (३१ आषाढ २०७७ (१५ जुलाई २०२०) मा समाप्त भएको आर्थिक वर्ष)

रुपैंयाँ

| विवरण | २०७६-७७ (२०१९-२०) | २०७५-७६ (२०१८-१९) |
|---|---|---|
| संचालन गतिविधिबाट नगद प्रवाह | | |
| वर्षको कर अघिको मुनाफा | १४२,३५०,१५७ | ३८६,०६५,१०६ |
| समायोजनहरु : | | |
| लाभांश आम्दानी | - | (५००,०००) |
| सम्पत्ति, मेशिनरी र उपकरण निसर्गबाट (नाफा)/नोक्सान | (५८४,२०१) | (२,०९५,०४६) |
| अवधिक तथा कल बचतमा ब्याज आम्दानी | (२१,१६३,७२०) | (११,४१९,९७६) |
| कर्मचारी ऋणको परिशोधन लागतमा ब्याज आम्दानी | (२,१५०,५९८) | (१,५६६,५४४) |
| स्थगन कर्मचारी सुविधा खर्चको परिशोधन गरिएको | २,१५०,५९८ | ४,७३५,९३५ |
| व्यापार प्राप्यको लागि नोक्सानी व्यवस्था | ५,०००,००० | ५,०००,००० |
| बोनस व्यवस्था | १३,९९२,२८७ | ३८,३९१,३१४ |
| सम्पत्ति, मेशिनरी, उपकरण, लगानी योग्य सम्पत्ति र अमूर्त सम्पत्तिको ह्रास तथा परिशोधन | ९१,९५३,०३७ | ८०,३६७,२०८ |
| वित्त लागत | ५७८,४५८ | ७३०,३५० |
| **कार्यशील पूँजी परिवर्तन अघिको संचालन मुनाफा** | **२३२,१२६,०१८** | **४९९,७०८,३४७** |
| व्यापार तथा अन्य प्राप्यमा भएको (वृद्धि)/कमी | ६४,४६८,६९८ | (३,८८४,५०६) |
| जिन्सी मौज्दातमा भएको (वृद्धि)/कमी | २८,६४३,५२४ | (८,८०९,८३३) |
| अग्रिम भुक्तानीमा भएको (वृद्धि)/कमी | १०,८८२,१६० | (२,१२६,६८२) |
| व्यापार तथा अन्य देयमा भएका वृद्धि/(कमी) | २४,९७३,६०३ | ३८,०२७,७१० |
| कर्मचारी सुविधामा भएको वृद्धि/(कमी) | (३७१,२०२) | २४,३७४,३४५ |
| **संचालन गतिविधिबाट नगद प्रवाह** | **३६०,७२२,८०१** | **५४७,२८९,३८१** |
| बोनस भुक्तानी | (३८,३९१,३१४) | (३६,२०९,९६९) |
| आयकर भुक्तानी | (२८,२३५,३५०) | (९७,४२७,३४३) |
| **संचालन गतिविधिबाट खुद नगद प्रवाह (क)** | **२९४,०९६,१३७** | **४१३,६५२,०६९** |
| लगानी गतिविधिको नगद प्रवाह | | |
| सम्पत्ति, मेशिनरी र उपकरणको विक्रीबाट प्राप्त | १,०६९,२५३ | ५,९५१,७६५ |
| सम्पत्ति, मेशिनरी र उपकरण, लगानी योग्य सम्पत्ति र अमूर्त सम्पत्तिको खरिद | (२३६,८७८,३९०) | (२७६,५१४,०१९) |
| लगानीमा (वृद्धि)/कमी | १०,०००,००० | (२०,०००,०००) |
| लाभांश आम्दानी | - | ५००,००० |
| अवधिक तथा कल बचतमा ब्याज आम्दानी | २१,१६३,७२० | ११,४१९,९७६ |
| **लगानी गतिविधिबाट भएको खुद नगद प्रवाह (ख)** | **(२०४,६४५,४१७)** | **(२७८,६४२,२७१)** |
| वित्तिय गतिविधिको नगद प्रवाह | | |
| वित्तिय लागत | (५७८,४५८) | (७३०,३५०) |
| सापटीको भुक्तानी | (१,०८३,८९९) | (९३२,००८) |
| बोनस शेयरको खण्डित मूल्यमा नगद प्राप्ती | (२,८५५) | ५,२६५ |
| लाभांश भुक्तानी | (७१,१९१,३३६) | (१०६,१२९,३६८) |
| **वित्तिय गतिविधिबाट भएको खुद नगद प्रवाह (ग)** | **(७२,८५६,५४८)** | **(१०७,७८६,४६१)** |
| **नगद र नगद सरहमा खुद वृद्धि (क+ख+ग)** | **१६,५९४,१७२** | **२७,२२३,३३७** |
| वर्षारम्भमा नगद र नगद सरह | २१३,४७६,०५६ | १८६,२५२,७१९ |
| **वर्षान्तमा नगद र नगद सरह** | **२३०,०७०,२२८** | **२१३,४७६,०५६** |

कम्पनी सचिव | उपाध्यक्ष | संचालक | कार्यकारी अध्यक्ष

लेखापरिक्षक
पीकेएफ टि आर उपाध्या एण्ड कं.
चाटर्ड एकाउण्टेण्टस्

# सोल्टी होटल लिमिटेड

## संचालक समितिको संक्षिप्त प्रतिवेदन

**आदरणीय शेयरधनी महानुभावहरु,**

आदरणीय शेयरधनी महानुभावहरुलाई कम्पनीको ४६औं वार्षिक साधारण सभामा स्वागत गर्न पाउँदा हामीलाई अत्याधिक खुशि महसुस भएको छ। यहाँहरु समक्ष कम्पनीको ४६औं वार्षिक प्रतिवेदन तथा ३१ असार २०७७ (१५ जुलाई २०२०) मा समाप्त भएको आर्थिक बर्षको लेखा परिक्षण गरिएका वित्तीय विवरणहरु प्रस्तुत गर्न पाउँदा हामी गौरवान्वीत भएका छौं। कम्पनीले कानूनी प्रावधानको परिपालना गर्दै नेपाल वित्तीय प्रतिवेदन मान (Nepal Financial Reporting Standard, NFRS) को मापदण्डको आधारमा वित्तीय विवरणहरु तयार पारी प्रस्तुत गरिएको छ।

**कारोबार संचालन गतिविधिहरुको समीक्षा**

आर्थिक वर्ष २०७६/७७ अर्थतन्त्रका लागि अत्यन्त चुनौतिपूर्ण रह्यो, बिशेष गरेर २०७७ चैत्र १० गते देखि आर्थिक वर्षको अन्त्यसम्म निकै जटिल र चुनौतीपूर्ण आर्थिक वर्ष साबित भयो र यो अप्रत्याशित विपत्तिले नेपालको पर्यटन उद्योगमा गम्भीर प्रतिकूल प्रभाव पार्‍यो। कोरोना भइरस (कोविड - १९) को महामारी फैलिनु भन्दा पूर्वको अवधिमा पर्यटन उद्योगमा सन्तोषजनक अभिबृद्धि भएको थियो अर्थात् समिक्षा आर्थिक वर्षको पहिलो आठ महिना सम्म समग्रमा पर्यटन उद्योगमा राम्रै बृद्धि हुने लक्षण देखिएको भएतापनि त्यसपछि नेपाल सरकारले कोरोना भाइरस (कोविड - १९) को महामारी फैलिनबाट रोक्ने उद्देश्यले बन्दाबन्दी (लकडाउन) घोषणा गरेपश्चात् होटेल संचालनका गतिविधिहरु गम्भिर रूपमा प्रभावित हुनगई पर्यटन उद्योगको संचालन नै पूर्ण अवरुद्ध हुन गएको थियो।

गत आर्थिक वर्षको दाँजोमा समिक्षा आर्थिक वर्ष २०७६/७७ मा कूल आम्दानी ३१.०९% ले ह्रास आएको छ (गत वर्ष १०.२२% ले वृद्धि)। यो अनपेक्षित तथा अप्रत्याशित रुपमा आएको व्यावसायीक प्रतिकुलता २०७६ चैत्र ११ गतेबाट नेपाल सरकारले कोरोनाभइरस (कोविड - १९) संक्रमणको महामारी फैलिनबाट रोक्ने उद्देश्यले बन्दाबन्दी (लकडाउन) घोषणा गरेपश्चात् सम्पूर्ण देशमा बन्दाबन्दी (लकडाउन) रह्‍यो भने विश्वव्यापी रुपमा अन्तर्राष्ट्रिय हवाई उडानहरु पूर्णतया प्रतिबन्धित रहेको कारणले पर्यटन लगायतका सम्पूर्ण आर्थिक गतिबिधिहरु ठप्प भएका थिए। समीक्षा आर्थिक वर्षको कुल आम्दानी रु. १,२६,४०.०९ लाख (अघिल्लो आर्थिक वर्ष रु. १,८३,४३.२९ लाख) रहेको छ जुन गत आर्थिक वर्षको तुलनामा रु. ५७,०३.२० लाखले घटेको छ (गत वर्ष रु. १७,०१.२४ लाखले बढेको)। अघिल्लो आर्थिक वर्षको नगद मुनाफा रु. ४६,४२.८० लाखको तुलनामा समीक्षा आर्थिक वर्षमा कम्पनीले रु. २३,१८.७६ लाख नगद मुनाफा आर्जन गरेको छ जुन रु. २३,२४.०४ लाखले घटेको छ। त्यसैगरी, समीक्षा आर्थिक वर्षमा कम्पनीको कर पश्चातको खुद मुनाफा अघिल्लो आर्थिक बर्ष रु. २९,९०.१२ लाख को तुलनामा समिक्षा आर्थिक वर्षमा रु. ११,२०.४२ लाख हुन गयो जो रु. १८,६९.७० लाखले घटेको हो (गत आर्थिक वर्ष रु. १,९७.७५ लाखले बढेको)।

| कम्पनी सचिव | उपाध्यक्ष | संचालक | कार्यकारी अध्यक्ष |
|---|---|---|---|

लेखापरिक्षक
पीकेएफ टि आर उपाध्या एण्ड कं.
चाटर्ड एकाउण्टेण्टस्

कार्यप्रगतिको झलकः

**वित्तीय नतिजाहरु**

आर्थिक वर्ष २०७६/७७ (२०१९/२०) मा कम्पनीले हासिल गरेको प्रमुख कार्यप्रगतिको तुलनात्मक संक्षिप्त वित्तीय तथ्यांकहरु देहाय बमोजिम रहेका छन्:–

रुपैंयां लाखमा

| विवरण | आर्थिक वर्ष | | वृद्धि/(कमी) प्रतिशत |
|---|---|---|---|
| | २०७६/७७ | २०७५/७६ | |
| कुल आम्दानी | १,२६,४०.०९ | १,८३,४३.२९ | (३१.०९%) |
| कुल खर्चहरु | १,१२,३५.०८ | १,४४,९६.८५ | (२२.५०%) |
| संचालनबाट मुनाफा | १४,०५.०१ | ३८,४६.४४ | (६३.४७%) |
| न्यूनः वित्त लागत | ५.७८ | ७.३० | (२०.८२%) |
| आयकर अघिको मुनाफा | १३,९९.२३ | ३८,३९.१४ | (६३.५५%) |
| आयकर व्यवस्था | १,५९.०३ | ७,८०.०३ | (७९.६१%) |
| स्थगन कर खर्च/(आम्दानी) | १,१९.७८ | ६८.९९ | (७३.६१%) |
| आयकर पछिको खुद मुनाफा | ११,२०.४२ | २९,९०.१२ | (६२.५३%) |
| यस वर्ष खुद जगेडामा सारेको | ११,२०.४२ | २९,९०.१२ | (६२.५३%) |

संक्षिप्त वार्षिक आर्थिक विवरणमा अन्य उल्लेख गर्नुपर्ने कुराहरु :

१. कम्पनीको आर्थिक वर्ष २०७६/७७ (२०१९/२०) को यो संक्षिप्त आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरण तथा सञ्चालकहरुको प्रतिवेदनको आधारमा तयार पारिएको छ ।

२. आर्थिक वर्ष २०७६/७७ (२०१९/२०) मा कम्पनीले प्रचलित कानून बमोजिम अधिकार प्राप्त निकायले लागू गरेको लेखामान (एकाउन्टीङ्ग स्ट्याण्डर्ड) अनुरुप सबै वित्तीय प्रतिवेदनहरु नेपाल वित्तीय प्रतिवेदन मान (**Nepal Financial Reporting Standards– NFRS**) बमोजिम तयार गरी लेखापरिक्षण गरी कम्पनीका लेखापरिक्षकको प्रतिवेदन प्राप्त भए पश्चात् कम्पनीको अभिलेखमा रहेको पूर्णपाठ अनुसार यो संक्षिप्त आर्थिक विवरण तयार गरिएको छ र यस संक्षिप्त आर्थिक विवरणले सोको सही चित्रण गर्दछ ।

३. यो संक्षिप्त वार्षिक आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरण र सञ्चालकको प्रतिवेदनको संक्षिप्त विवरण मात्र हो ।

४. संक्षिप्त वार्षिक आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरण तथा सञ्चालकको प्रतिवेदन अनुरुप छ र सो को विवरण तोकिएको ढाँचा अनूकुल छ ।

कम्पनी सचिव

उपाध्यक्ष

संचालक

कार्यकारी अध्यक्ष

लेखापरिक्षक
पीकेएफ टि आर उपाध्या एण्ड कं .
चाटर्ड एकाउण्टेण्टस्

मिति : ०३ पौष २०७७ स्थान : काठमाण्डौं, नेपाल

टिप्पणी

**प्रतिनिधि नियुक्त गर्ने निवेदन**

**श्री सञ्चालक समिति**
**सोल्टी होटल लिमिटेड**
**ताहाचल, काठमाडौं ।**

**विषयः प्रतिनिधि नियुक्त गरेको बारे ।**

महाशय,

................................जिल्ला ............................. मा.न.पा./न.पा. /गा. पा., वडा नं................बस्ने म / हामी ...................................................... ले त्यस कम्पनीको शेयरधनीको हैसियतले **२०७७ साल पौष महिना २९ गते बुधबारका** दिन हुने ४६औं वार्षिक साधारण सभामा स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिनको लागि ........................जिल्ला..............................मा.न.पा./ न.पा. / गा.पा., वडा नं.........बस्ने त्यस कम्पनीका शेयरधनी श्री ............................................................................... शेयर प्रमाण पत्र नं./(BO A/c No.) ............................................लाई मेरो/ हाम्रो प्रतिनिधि मनोनीत गरी पठाएको छु / छौं ।

निवेदक

दस्तखतः
नामः ..................................................
ठेगानाः .................... .......................... ................ ...................... .................
शेयर प्रमाणपत्र नं./BO A/c No. ............. ................ .............. ........... ............
कि.नं............................ देखि................................ सम्म
मितिः ................................

**द्रष्टव्यः** यो निवेदन साधारण सभा हुनु भन्दा कम्तिमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा पेश गरिसक्नु पर्नेछ ।

Soaltee Hotel Limited

★ ★ ★ ★ ★

# Name & Address of Receiver Shareholder:-


रजिष्टर्ड कार्यालय
ताहाचल, काठमाण्डौं, नेपाल
फोन नं. ९७७ १ ४२७३९९९
फ्याक्स नं. ९७७ १ ४२७२२०१ / ४२७२२०६
ईमेल : **legal@soaltee.com.np**